काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२८ ❐ आइतवार, १७ जेठ, २०८३ ❐ Sunday, 31 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

विभेद, हिंसा र बालविवाहविरूद्ध कर्णालीका छोरीहरूको साझा आवाज

७९ वटै स्थानीय तहका छोरीहरूको सहभागिता, लैङ्गिक समानता, शिक्षा, नेतृत्व विकास र आत्मनिर्भरताका मुद्दामा बहस

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १६ जेठ

कर्णाली प्रदेशका ७९ वटै स्थानीय तहबाट आएका छोरीहरूको सहभागितामा दोस्रो संस्करणको ‘ कर्णाली छोरी सम्मेलन-२०८३’ शनिबारदेखि वीरेन्द्रनगरमा सुरु भएको छ। श्री ज्योति फाउन्डेशनको आयोजनामा सुरु भएको सम्मेलनको उद्घाटन कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले गरेका हुन्।

बालिका, किशोरी तथा महिलामाथि हुने लैङ्गिक विभेद, बालविवाह, छाउपडी कुप्रथा, घरेलु हिंसा, यौन दुर्व्यवहार र मानव बेचबिखनजस्ता सामाजिक समस्याविरुद्ध सामूहिक आवाज उठाउने उद्देश्यसहित सम्मेलन आयोजना गरिएको हो। दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा प्रदेशका ७९ वटै स्थानीय तहबाट दुई-दुई जना प्रतिनिधिका रूपमा छोरीहरूको सहभागिता रहेको छ।

ज्योति फाउन्डेशनकी अध्यक्ष ज्योति कटुवालका अनुसार सम्मेलनमा राउटे, राजी, कुसुण्डा, बादी र बोटे समुदायका छोरीहरू, अपाङ्गता भएका किशोरी तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका प्रतिनिधिसहित करिब २ सय ५० जनाभन्दा बढी सहभागी छन्। सम्मेलनले लैङ्गिक समानता, बालविवाह न्यूनीकरण, महिला हिंसा अन्त्य, मर्यादित महिनावारी, शिक्षा, स्वास्थ्य, नेतृत्व विकास र अधिकार सुनिश्चिततासम्बन्धी विषयमा छलफल गर्दै निष्कर्षलाई तीन तहका सरकारसमक्ष सुझावका रूपमा प्रस्तुत गर्ने लक्ष्य लिएको छ।



उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णालीका महिलाहरू हरेक क्षेत्रमा सक्षम र प्रतिभाशाली बन्दै गएको उल्लेख गरे। उनले अहिले पनि कर्णालीमा ३३ प्रतिशत महिला निरक्षर रहेको तथ्य चिन्ताजनक रहेको भन्दै उनीहरूलाई साक्षर बनाउन संघ, प्रदेश र स्थानीय सरकारले विशेष ध्यान दिनुपर्ने बताए।

कर्णालीलाई केवल पिछडिएको क्षेत्रका रूपमा हेर्नु हुँदैन, यो कला, संस्कृति र सभ्यताको खानी हो, उनले भने, यहाँका छोरीहरू अब सबै क्षेत्रमा नेतृत्व गर्न सक्षम भइसकेका छन्। उनले संविधान संशोधनको बहस चलिरहेका बेला महिलाहरूले ३३ प्रतिशत सहभागितामा मात्र सीमित नभई ५० प्रतिशत प्रतिनिधित्वका लागि आवाज उठाउनुपर्ने धारणा पनि राखे।

वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकालले महिलाको निर्णायक सहभागिताबिना समावेशी विकास सम्भव नहुने बताइन्। उनले राज्यका हरेक संरचना र निर्णय प्रक्रियामा महिलाको प्रभावकारी उपस्थिति सुनिश्चित गर्नुपर्नेमा जोड दिइन्। महिलाको सहभागिता केवल प्रतिनिधित्वको विषय होइन, यो समृद्ध, समावेशी र न्यायपूर्ण समाज निर्माणको आधार हो, उनले भनिन् महिला अधिकार स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलन र संघर्षको स्मरण गर्दै उनले अहिले प्राप्त उपलब्धिको संरक्षणसँगै थप सशक्तीकरणतर्फ अघि बढ्नुपर्ने आवश्यकता औंल्याइन्।

कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले छोरीहरूको शिक्षा, नेतृत्व विकास, आत्मनिर्भरता र सशक्तीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले कर्णाली प्राकृतिक स्रोतसाधनले सम्पन्न भए पनि बालविवाह, छाउपडी, लैङ्गिक विभेद र हिंसाजस्ता समस्याले विकासमा चुनौती थपिरहेको उल्लेख गरे।

हरेक छोरी सुरक्षित, शिक्षित र आत्मनिर्भर बन्न सक्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो, मन्त्री भण्डारीले भने, उनले बालविवाह न्यूनीकरण, महिला तथा बालबालिकामाथि हुने हिंसा नियन्त्रण, छात्रवृत्ति कार्यक्रम, महिला उद्यमशीलता प्रवर्द्धन तथा युवा प्रतिभा विकासका कार्यक्रम बाँकी पृष्ठ २

अवैध लागूऔषधसहित २६ जना पक्राउ

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १६ जेठ

नेपाल प्रहरीले देशका विभिन्न जिल्लाबाट अवैध तथा नियन्त्रित लागूऔषधसहित २६ जनालाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये केहीको साथबाट खैरो हेरोइन, ब्राउनसुगर, गाँजा, अफिम तथा ट्रामाडोल, डाइजेपाम, फेनारगन र बुप्रेनोर्फिनजस्ता नियन्त्रित औषधिजन्य पदार्थ बरामद गरिएको प्रहरीले जनाएको छ।

काठमाडौं महानगरपालिका-१७ कालधाराबाट ट्रामाडोल ५९० ट्याब्लेटसहित दुई जना पक्राउ परेका छन्। त्यस्तै गोकर्णेश्वर नगरपालिका-६ नयाँबस्तीबाट डाइजेपाम, फेनारगन र बुप्रेनोर्फिन गरी ६२ एम्पुलभन्दा बढी नियन्त्रित लागूऔषध तथा नगदसहित दुई जनालाई नियन्त्रणमा लिइएको छ।

बझाङको केदारस्युँ गाउँपालिका-९ स्थित झोता बजारबाट खैरो हेरोइनजस्तो देखिने पदार्थसहित दुई जना पक्राउ परेका छन् भने सुर्खेतको वीरेन्द्रनगर-१० बसपार्कबाट ब्राउनसुगरसहित तीन जना पक्राउ परेका छन् । सल्यानको बागचौर नगरपालिका-२ खरिबोटबाट ब्राउनसुगरसहित एक जना पक्राउ परेका छन् । मोरङमा विभिन्न स्थानबाट आठ जना पक्राउ परेका छन्। उर्लाबारी र बेलबारी क्षेत्रमा गरिएको कारबाहीका क्रममा खैरो हेरोइन, ब्राउनसुगर, ट्रामाडोल, डाइक्लोमाइन, डिजिटल तराजु तथा नगद बरामद गरिएको प्रहरीले जनाएको छ। थप अनुसन्धानका क्रममा एक व्यक्तिको कोठाबाट समेत ठूलो परिमाणमा ब्राउनसुगर फेला परेको छ।

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा पारित

❐ काँक्रेविहार संवाददाता
धनगढी, १६ जेठ

सुदूरपश्चिम प्रदेश विकास परिषद्को चौथो बैठकले दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा पारित गरेको छ। आज यहाँ परिषद्का अध्यक्ष तथा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बसेको बैठकले योजनाको मस्यौदा पारित गरेको हो यो निर्णयसँगै अब उक्त मस्यौदा मन्त्रिपरिषद्मा पेस गरिने छ।



प्रदेश नीति तथा योजना आयोगद्वारा आर्थिक वर्ष २०८३-८४ देखि २०८७-८८ सम्मका लागि तयार गरिएको उक्त योजना विभिन्न आधारहरूमा टेकेर निर्माण गरिएको हो। योजनाको तयारीमा पहिलो पञ्चवर्षीय योजनाको समीक्षा, नेपाल सरकारको सोह्रौं योजना, संविधान, ऐन-नियम, आर्थिक सर्वेक्षण, तथा विभिन्न सरोकार भएकाहरूसँगको व्यापक छलफलबाट आएका सुझावलाई समेटिएको नीति तथा योजना आयोगका सदस्य नृपबहादुर सुनारले जानकारी दिए। योजनाले ‘समुन्नत सुन्दर सुदूरपश्चिम’ लाई दीर्घकालीन सोचका रूपमा अघि सारेको र प्रदेशवासीको गुणस्तरीय जीवन सुनिश्चित गर्नु मुख्य लक्ष्य राखिएको उनले बताए। यस्तै, उत्पादन र उत्पादकत्व वृद्धि, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकास, स्वास्थ्य तथा शिक्षा सुधार, वातावरण संरक्षण र सुशासन प्रवर्द्धनलाई योजनाले प्रमुख उद्देश्यका रूपमा समेटेको छ। योजनाअन्तर्गत कृषि, पर्यटन, उद्योग र सेवा क्षेत्रलाई प्राथमिकतामा राख्दै आर्थिक वृद्धि हासिल गर्ने, यातायात, ऊर्जा, खानेपानी र डिजिटल पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा समान पहुँच सुनिश्चित गर्ने रणनीति अघि सारिएको छ। यसैगरी जलवायु परिवर्तन अनुकूलन, जैविक विविधता संरक्षण तथा विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकता दिइएको छ। शिक्षा क्षेत्रमा गुणस्तरीय, समावेशी र रोजगारमुखी उच्च शिक्षाको विकास गर्ने लक्ष्य लिइएको छ। छात्रवृत्ति कार्यक्रम, डिजिटल शिक्षण प्रणाली, अनुसन्धान प्रवर्द्धन तथा सीप विकासमा जोड दिइने पनि योजनाको मस्यौदामा उल्लेख छ।

प्रदेश सरकारले यस योजनालाई दिगो विकास, सुशासन, डिजिटल रूपान्तरण र समावेशी आर्थिक विकासतर्फको महत्त्वपूर्ण मार्गनिर्देशक दस्तावेजका रूपमा लिएको नीति तथा योजना आयोगका उपाध्यक्ष डा जीवन रानाले बताए ‘ पहिलो पञ्चवर्षीय योजनाका उपलब्धि, सिकाइ, चुनौतीका आधार र समग्र प्रदेशको आर्थिक पुनरुत्थान, दिगो विकासलगायत रूपान्तरणकारी योजना समेटेर दोस्रो आवधिक योजनाको मस्यौदा तयार गरिएको छ’।

बजेटको उच्च प्राथमिकतामा सुरुङमार्ग

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १६ जेठ

मुलुकभित्र दुई वटा सुरुङमार्ग निर्माण सम्पन्न भई सञ्चालनको अन्तिम तयारीमा पुगेको बेला सरकारले थप स्थानमा सुरुङ निर्माण गर्ने योजना अगाडि सारेको छ।



नागढुङ्गा-नौबिसे सुरुङमार्ग निर्माण सम्पन्न भइसकेको छ। सो सुरुङमार्ग सञ्चालनका लागि आवश्यक प्राविधिक तयारीको काम भइरहेको छ। सिद्धबाबा सुरुङमार्ग निर्माण सम्पन्न गरी आगामी असोजदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

काठमाडौं तराई-मधेस द्रुतमार्गमा पनि छ वटा सुरुङ निर्माणको क्रममा छ। सहज यातायात सञ्चालनका लागि सरकारले आगामी आर्थिक वर्षको बजेटमा सुरुङमार्गलाई विशेष प्राथमिकतामा राखेको छ।

आगामी आवको बजेटमा सरकारले टोखा-छहरे सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्ने विषयलाई समावेश गरेको छ। सो सुरुङमार्गको चिनियाँ पक्षले प्रारम्भिक तहको सबै अध्ययन गरिसकेको छ।

कर्णालीको जनजीवनलाई सहज बनाउन जाजरकोटको मुलमासदेखि जम्लाको टोपलासम्म सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने योजना बजेटमा समावेश गरिएको छ।

खुर्कोट-चियाबारी, थानकोट-चित्लाङ, मफिमटार-शक्तिखोर र चिसापानी-बबई सुरुङ निर्माणसम्बन्धी अध्ययन गर्ने उल्लेख छ। नागढुङ्गा-नौबिसे सिस्नेखोला सुरुङमार्गको कूल लम्बाइ दुई हजार ६८८ मिटर रहेको छ। सो सुरुङमार्ग निकट भविष्यमा नै सञ्चालनमा ल्याउने तयारी छ।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

आइतवार, १७ जेठ, २०८३
Sunday, 31 May 2026

सम्पादकीय

कार्यान्वयनमा केन्द्रित होस् बजेट

संघीय सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक गरेको बजेटमा कर्णाली प्रदेशलाई विशेष प्राथमिकतामा राखेको देखिन्छ । बजेटमा कर्णाली राजमार्ग स्तरोन्नतिका लागि एक अर्ब रूपैयाँ विनियोजन गरिएको छ । कर्णाली कोरिडोरको सडक कालोपत्रे गर्ने, भेरी कोरिडोर स्तरोन्नति गर्ने तथा जाजरकोट-जुम्ला सुरूङमार्गको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रमले प्रदेशको यातायात पहुँच विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ । कर्णालीको विकासको प्रमुख आधार नै सडक सञ्जाल भएकाले यी योजनाको सफल कार्यान्वयनले आर्थिक तथा सामाजिक गतिविधिमा ठूलो परिवर्तन ल्याउन सक्छ ।

ऊर्जा क्षेत्रलाई पनि सरकारले प्राथमिकतामा राखेको छ । नलगाड जलविद्युत आयोजना र वेतन कर्णाली जलविद्युत आयोजनालाई अगाडि बढाउने घोषणा गरिएको छ । स्वास्थ्य क्षेत्रका कार्यक्रम पनि कर्णालीका लागि महत्वपूर्ण छन् । दुर्गम जिल्लामा एयर एम्बुलेन्स सेवा सञ्चालन गर्ने र टेलिमेडिसिन सेवा विस्तार गर्ने सरकारी योजनाले विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच बढाउने विश्वास गरिएको छ ।

कृषि तथा जडीबुटी क्षेत्रलाई पनि बजेटले समेटेको छ । स्याउ र ओखर जोन, चिस्यान केन्द्र तथा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने कार्यक्रमले कर्णालीका उत्पादनलाई बजारसँग जोड्ने आधार तयार गर्न सक्छ । दैलेखमा पेट्रोलियम पदार्थको व्यावसायिक उत्पादन सुरू गर्ने घोषणाले पनि प्रदेशको आर्थिक सम्भावनालाई नयाँ उचाइ दिन सक्ने अपेक्षा गरिएको छ ।

पर्यटन क्षेत्रका लागि काँक्रेविहार, पञ्चकोशी, रारा र फोक्सुण्डोलाई समेटेर पर्यटकीय कोरिडोर विकास गर्ने योजना सकारात्मक छ । खेलकुदतर्फ सुर्खेतमा इन्डोर रंगशाला निर्माण र राष्ट्रिय खेलकुदका लागि बजेट व्यवस्थापनले युवामा उत्साह थपेको छ ।

तर, कर्णालीका नागरिकका लागि बजेटमा योजना समेटिनु मात्र पर्याप्त छैन । विगतमा पनि यस्ता धेरै योजना बजेटमा परे तर कार्यान्वयनको गति कमजोर रहँदा अपेक्षित परिणाम प्राप्त हुन सकेन । सुर्खेत विमानस्थल विस्तार, सडक स्तरोन्नति तथा अन्य ठूला आयोजनाका विषय वर्षौंदेखि दोहोरिँदै आएका छन् । त्यसैले अहिलेको सबैभन्दा ठूलो चुनौती कार्यान्वयन हो ।

कर्णाली अब घोषणा होइन, उपलब्धि खोजिरहेको छ । बजेटमा उल्लेखित योजनाहरू समयमै सम्पन्न गर्न संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक छ । यदि सरकार आफ्नो प्रतिबद्धताअनुसार अघि बढ्न सफल भयो भने कर्णाली विकासको नयाँ युगतर्फ अग्रसर हुनेछ । अन्यथा, यो बजेट पनि आशा जगाएर निराशा छोड्ने अर्को दस्तावेज बन्ने जोखिम रहन्छ । त्यसैले अबको आवश्यकता योजनाभन्दा बढी परिणाम हो, र कर्णालीका नागरिक त्यसैको प्रतीक्षामा छन् ।

बजेटमा आर्थिक रूपान्तरणको नयाँ खाका कोर्ने प्रयास :

‘एआई’देखि कर छुटसम्मका व्यवस्था



ममता थापा

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै मुलुकलाई आधुनिक र प्रविधिमैत्री अर्थतन्त्रतर्फ लैजाने महत्त्वाकांक्षी योजना सार्वजनिक गरेका छन् ।

कुल २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट विनियोजन गर्दै सरकारले आर्थिक वृद्धिदर सात प्रतिशतमा पुऱ्याउने र मुद्रास्फीति ६ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको छ ।

यो बजेटको मुख्य विशेषता शासकीय सुधार, मध्यम वर्गको विस्तार र प्रविधिको आक्रामक उपयोगमा केन्द्रित छ । बजेटले मध्यम वर्गलाई ठूलो राहत दिँदै व्यक्तिगत आयकर छुटको सीमालाई दोब्बर बनाएर १० लाख रुपैयाँ पुऱ्याएको छ ।

यसका साथै व्यक्तिगत आयकरको अधिकतम दरमा १० प्रतिशत विन्दुले कटौती गरिएको छ । कर प्रणालीलाई सरल बनाउन ११ तहको भन्सार दरलाई सात तहमा झारिएको छ भने ३६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज गरिएको छ ।

एआईदेखि सूचना प्रविधिमा छलाङ मार्ने कोसिस

नेपाललाई एआईको युगमा प्रवेश गराउन काठमाडौंको स्युचाटारमा देशकै पहिलो ‘सार्वभौम एआई कम्प्युटर केन्द्र’ स्थापना गर्ने घोषणा गरिएको छ । सूचना प्रविधि निर्यातलाई प्रोत्साहन गर्न यस क्षेत्रबाट हुने आयमा ५० प्रतिशत कर छुट र नेपाल टेलिकमको सेयर जनस्तरमा बिक्री गरी प्राप्त रकम ‘टेकहब’ बनाउन उपयोग गरिने नयाँ व्यवस्था गरिएको छ ।

प्रशासनिक पुनर्संरचना गर्न ३१ निकाय खारेज

सरकारले फजुल खर्च कटौती गर्न ३१ वटा सरकारी निकाय खारेज गर्ने र ६ वटा निकायलाई मर्जर गर्ने कठोर निर्णय लिएको छ । संघीय मन्त्रालयको संख्या २२ बाट घटाएर १८ कायम गरिएको छ । यसरी हुने प्रशासनिक सुधार र मितव्ययिताबाट करिब २० अर्ब रुपैयाँ बचत हुने अनुमान अर्थमन्त्री डा. वाग्लेको छ ।

राष्ट्रसेवकलाई खुसी पार्न तलबमा उल्लेख्य वृद्धि

लामो समयदेखि तलब नबढेका कर्मचारीका सुरु तलब स्केलमा १० प्रतिशत वृद्धि गरिएको छ । यसका अतिरिक्त कार्यसम्पादनमा आधारित १० प्रतिशत प्रोत्साहन भत्ता थप गरी कुल २१ प्रतिशत खुद पारश्रमिक वृद्धि हुने व्यवस्था मिलाइएको छ, जुन २०८३ साउन १ गतेदेखि लागु हुनेछ ।

कृषि अनुदानदेखि सामाजिक सुरक्षामा नवीनता दिन खोजिँदै

सरकारले वास्तविक कृषकलाई प्रोत्साहन गर्न दुई करोडसम्मको लगानीमा ४० प्रतिशत अनुदान दिने पाइलट कार्यक्रम सुरु गर्ने उद्घोष गरेको छ । यससँगै, दलित बालबालिकाले पाउने बालपोषण भत्ता दोब्बर बनाएर मासिक १,००० रुपैयाँ पुऱ्याइएको छ । यता, सामाजिक सुरक्षा भत्तामा ‘सक्नेले छोडौं, नसक्नेलाई जोडौं’ भन्ने राष्ट्रिय अभियानमार्फत स्वेच्छिक त्यागलाई प्रोत्साहन गरेको छ ।

पूर्वाधारमा ‘चतुर्भुज’ मोडेलदेखि लगानी एक्सप्रेस

बजेटले प्रादेशिक विकासका लागि ‘ मध्य-मधेस चतुर्भुज’ र ‘कर्णाली चतुर्भुज’ जस्ता एकीकृत योजना अघि सारेको छ ।

लगानीकर्ताका लागि ‘लगानी एक्सप्रेस’ र स्वचालित रुट प्रणाली लागु गरी तीन महिनाभित्र उद्योग दर्तादेखि लाभांश फिर्तासम्मको प्रक्रिया सरल बनाइने बजेटमार्फत अर्थमन्त्री डा. वाग्लेले प्रतिबद्धता व्यक्त गरेका छन् ।

बजेटको स्रोत व्यवस्थापनमा चुनौती

विनियोजित २१ खर्ब २४ अर्बमध्ये चालु खर्चतर्फ ५९.८ प्रतिशत, पुँजीगततर्फ २०.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९.९ प्रतिशत विनियोजन गरिएको छ । तर, यसको स्रोत जुटाउन राजस्वबाट १४ खर्ब पाँच अर्ब ३१ करोड र बाँकी रकम वैदेशिक अनुदान-ऋण र आन्तरिक ऋणबाट पूर्ति गरिने भनिएको छ ।

विगत प्रवृत्ति हेर्दा राजस्व लक्ष्य भेट्टाउन चुनौती थियो । अझ यसपटक सरकारले करमा सहुलियत दिन खोज्दा राजस्व लक्ष्यअनुसार उठाउन चुनौती हुँदा बजेट खर्चको स्रोत सुनिश्चिततामाथि अर्थविद्हरूको आशंका छ ।

तथापि, समग्रमा बजेटले राज्यलाई नियन्त्रक मात्र नभई अवसरको सर्जक संस्थाका रूपमा पुनःपरिभाषित गर्न खोजेको छ । निवर्तमान अर्थमन्त्री रामेश्वर खनाल पनि आर्थिक वर्ष २०८३/८४ को बजेटको परिभाषित विशेषता सुधारहरू जस्तो देखिएको बताउँछन् ।

बजेटबारे यसो भन्छन्, अर्थविद्हरू

अर्थविद् डा. शिवराज अधिकारी बजेटले पहिलेको तुलनामा बाटो बदलेको बताउँछन् । यसअघिका बजेटहरू गरिब, किसान र रोजगारीकेन्द्रित हुने गरेकोमा अहिलेको बजेटले मध्यम वर्गलाई उत्साहित बनाएर आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको उनको विश्लेषण छ ।

अधिकारीका अनुसार, मध्यम वर्गलाई चलायमान बनाएपछि मात्रै ‘ट्रिकल डाउन’ प्रभावबाट गरिबी घट्ने र रोजगारी बढ्ने सोच बजेटमा देखिएको छ ।

प्रा.डा. अधिकारीले बाह्रखरीसँग भने, “तर, बजेटले आफ्नो उद्देश्यहरू पहिलेको जस्तो स्पष्ट रूपमा लेखेको छैन । बरु अन्तिमतिर आत्मविश्वास जगाउने र नयाँ आर्थिक शुभारम्भ गर्ने जस्ता कुरा मात्रै राखिएको छ ।”

सार्वजनिक बजेटको बनोट राम्रो भए पनि विनियोजन र विकासको सम्बन्ध भने प्रष्ट नभएको उनको तर्क छ । “विशेषगरी ‘चतुर्भुज अवधारणा’ जस्ता कुराले आर्थिक वृद्धिमा कसरी सघाउँछन् भन्ने कुरामा बजेट मौन छ,” उनले भने ।

सरकारले राखेको सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य सम्भव देखिए पनि मूल्यवृद्धिको लक्ष्य भने अचम्मको रहेको अधिकारीले बताए । अहिलेको बजारमा मूल्यवृद्धि जम्मा साढे दुई प्रतिशत हुँदा बजेटमा ६ प्रतिशतको सीमा राख्नु पुरानै बजेटको कपी मात्रै भएको उनको ठहर छ प्रा.डा अधिकारीका अनुसार, बजेटको आकार ठूलो भएको र यसका लागि स्रोत जुटाउन गाह्रो हुने देखिएको छ । विगत चार-पाँच वर्षको ट्रेन्ड हेर्दा लक्ष्यको ८० प्रतिशत मात्र राजस्व उठ्ने गरेको छ । एकातर्फ कर छुट दिने र अर्कोतर्फ २५ प्रतिशतले राजस्व बढाउने लक्ष्य राख्नु आपसमा बाझिने कुरा रहेको उनले बताए । उनी तल्लो वर्ग ओझेलमा पर्न सक्ने डर देखाउँछन् । समग्रमा बजेट मिश्रित रहेको र यसले मध्यम वर्गलाई मात्रै बढी प्राथमिकता दिँदा न्यून वर्ग (गरिब) हरू छुट्न सक्ने जोखिम अधिकारीले औंल्याएका छन् । केही कुरामा राहत दिन खोजे पनि बजेटले विगतकै कमजोरीहरूलाई कतिपय ठाउँमा पछ्याइरहेको उनको बुझाइ छ ।

यो केवल प्रचारबाजी मात्र हो

अर्थशास्त्री डा. डिल्लीराज खनाल बजेटले मुलुकको आधारभूत समस्या समाधान गर्न नसक्ने टिप्पणी गर्छन् । उनले यो बजेटलाई ‘प्रचारमुखी र छ्यासमिसी’को संज्ञा दिँदै अर्थमन्त्रीले एउटा ठूलो अवसर गुमाएको बताएका छन् । बजेटमा केही नयाँ ढंगले जाने पहल देखिए पनि आधारभूत रूपमा अर्थतन्त्रको पुनर्संरचना गर्ने आँट नगरिएको खनालको भनाइ छ । बजेटको विन्यास गर्दा बढी प्रतिफल दिने आयोजनालाई प्राथमिकता दिनुको सट्टा ‘छ्यासमिसी’ र अस्पष्ट ढंगले आएको उनले बताए । बजेटमा कुनै ठोस रोडम्याप नभएको र यसले नीति तथा कार्यक्रमको भावनालाई समेत समेट्न नसकेको उनले टिप्पणी गरे ।

डा. खनालले बाह्रखरीसँग भने, “बजेटमा अनुत्पादक र चालु खर्च घटाउने कुनै ठोस योजना देखिएको छैन । संरचनागत सुधार नहुँदा चालु खर्च बढ्दै जाने तर पुँजीगत खर्च हुन नसक्ने अवस्था कायमै छ । राजस्वको लक्ष्य ठूलो राखिए पनि धेरै क्षेत्रमा कर छुट दिइएकाले राजस्व उठ्ने स्थिति छैन ।” यसले गर्दा आन्तरिक ऋणको अंश बढ्ने र अर्थतन्त्रमा थप जोखिम निम्तिने उनले चेतावनी दिएका छन् ।

बजेटमा निजी क्षेत्रलाई प्रक्रियागत सहजता र कर छुट दिएर प्रोत्साहन गर्न खोजिएको खनालले स्वीकार गरे । सूचना प्रविधि क्षेत्र र केही उद्योगहरूलाई प्राथमिकता दिने प्रयत्न हुनुलाई उनले सकारात्मक पक्षका रूपमा लिएका छन् । तर, यी प्रयासहरूले मात्रै समग्र अर्थतन्त्रलाई गति दिन नसक्ने उनको बुझाइ छ ।

बजेटले आमजनता र गरिबलाई राहत दिने कुनै ठोस कार्यक्रम नल्याएको खनाल बताउँछन् । विशेषगरी, स्वदेशमै रोजगारी सिर्जना गर्ने र युवाहरूलाई घरभित्रै काम दिने सवालमा बजेटमा कुनै प्रभावकारी व्यवस्था नदेखिएको उनले उल्लेख गरे ।

भारतमा रवि लामिछानेले नेपालीसँग अन्तर्क्रिया गर्ने



काँक्रेविहार संवाददाता

काठमाडौं, १६ जेठ

रास्वपाका सभापति रवि लामिछानेले भारतमा नेपालीहरूसँग भेटघाट तथा अन्तरक्रिया गर्ने तय भएको छ ।

भारत भ्रमणमा जान लागेका सभापति लामिछानेले जेठ २१ गते नेपालीहरूसँग अन्तरक्रिया गर्न लागेका हुन् ।

नेपाली सम्पर्क मञ्च भारतको आयोजनामा हुने कार्यक्रम ३ बजे लाजपतमा सुरु हुने जनाइएको छ । सभापति लामिछाने १८ गते भारत जाँदै छन् । भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकरलगायत उच्चस्तरीय भेट गर्नेछन् ।

विभेद...

सञ्चालन भइरहेको जानकारी दिए ।

कार्यक्रममा कर्णालीका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले कर्णालीमा महिलाको सामाजिक तथा राजनीतिक अवस्थामाथि उल्लेखनीय परिवर्तन आएको बताए । विगतमा छोरीहरूलाई विद्यालय पठाउन नचाहने मानसिकता रहे पनि अहिले शिक्षामा उनीहरूको सहभागिता उल्लेख्य रूपमा बढेको उनले बताए । एक समय छोरीलाई गोठाला पठाइन्थ्यो, आज त्यही छोरीहरू वैज्ञानिक, प्रशासक र नेतृत्वदायी भूमिकामा पुगेका छन्, उनले भने, उनले विगतमा प्रदेश सरकारले ल्याएको ‘बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको’ जस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेको पनि बताए ।

शनिबार सम्मेलनको अर्को आकर्षण ‘ज्ञानको उज्यालोमा छोरी’ शीर्षकको विशेष सत्र रहेको थियो । उक्त सत्रमा लोक सेवा आयोगकी कार्यवाहक अध्यक्ष बसन्तीकुमारी सिंह शाही, नेपाल सरकारकी सचिव लक्ष्मीकुमारी बस्नेत तथा दैलेखकी पहिलो महिला शाखा अधिकृत रोशनीकुमारी श्रेष्ठलगायत सफल महिलाहरूले आफ्ना संघर्ष र सफलताका अनुभव सुनाएका थिए । बसन्तीकुमारी सिंह शाहीले विवाहपछि पनि अध्ययनलाई निरन्तरता दिँदै शिक्षकबाट लोक सेवा आयोगको नेतृत्वसम्मको यात्रा तय गरेको अनुभव साझा गरिन् । उनले बच्चा काखमा राखेर एसएलसी उत्तीर्ण गरेको स्मरण गर्दै इच्छाशक्ति भए कुनै पनि चुनौती पार गर्न सकिने बताइन् ।

नेपाल सरकारकी सचिव लक्ष्मीकुमारी बस्नेतले परिवारबाट प्राप्त समान अवसर र शिक्षाप्रतिको सकारात्मक सोचले आफूलाई सफलताको बाटोमा अघि बढाएको अनुभव सुनाइन् । दैलेखकी रोशनीकुमारी श्रेष्ठले असफलताबाट नआत्तिई निरन्तर मेहनत गरे सफलता अवश्य प्राप्त हुने सन्देश दिइन् ।

सम्मेलनमा सहभागी छोरीहरूले शिक्षा, सुरक्षा, आर्थिक अवसर र नेतृत्व विकासका क्षेत्रमा अझै चुनौती रहेको भन्दै राज्यले विशेष कार्यक्रम ल्याउनुपर्ने माग गरेका छन् । उनीहरूले सामाजिक विभेद र हिंसाविरुद्ध सशक्त आवाज उठाउँदै समान अवसर सुनिश्चित गर्न आग्रह गरेका छन् ।

आयोजक श्री ज्योति फाउन्डेशनका अनुसार सम्मेलन अवधिभर कर्णालीका ८५ जना छोरीहरूले आफ्ना जीवन संघर्षका अनुभव प्रस्तुत गर्नेछन् । साथै विज्ञहरूले सार्वजनिक नीति निर्माणसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गर्ने र विभिन्न विषयमा प्यानल छलफलसमेत सञ्चालन हुनेछन् ।

फाउन्डेशनले गत वर्ष सम्पन्न पहिलो सम्मेलनमार्फत प्रदेशस्तरीय ‘कर्णाली छोरी सञ्जाल’ गठन गरेको थियो । हाल प्रदेशका ७९ वटै स्थानीय तहमा छोरी सञ्जाल गठन भई ६ सय ६९ जना छोरीहरू आबद्ध भइसकेका छन् । संस्थाले जाजरकोट भूकम्प प्रभावित तथा विपन्न परिवारका छोरीहरूलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ ।

सम्मेलनले कर्णालीका छोरीहरूको आवाजलाई नीति निर्माण तहसम्म पुऱ्याउने, सामाजिक रूपान्तरणमा उनीहरूको भूमिका सुदृढ गर्ने तथा समानता र न्यायमा आधारित समाज निर्माणको बहसलाई थप सशक्त बनाउने अपेक्षा गरिएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

बजेट माथिल्लो वर्गलाई राम्रो भए पनि गरिबप्रति उदासिन छः गगन थापा

काँक्रेविहार संवाददाता
काठमाडौं, १६ जेठ

नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटले केही संरचनागत र नीतिगत सुधारका प्रयासहरू अगाडि सारे पनि न्यून आय भएका र विपन्न वर्गका समस्या सम्बोधन गर्न नसकेको टिप्पणी गरेका छन् ।

शनिबार नेपाल थारू संघको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै सभापति थापाले बजेटमा कांग्रेसले लामो समयदेखि उठाउँदै आएका संरचनागत सुधारका कतिपय विषय समेटिनु सकारात्मक भएको बताए । उनले सकारात्मक पक्षहरूमा आवश्यक कानुन निर्माण गर्न प्रतिपक्षको हैसियतले कांग्रेसले सहयोग गर्ने बताए । 'लामो समयदेखि नेपाली कांग्रेस पार्टीले नेपालको अर्थतन्त्रमा केही संरचनागत सुधार गर्नुपर्छ भन्ने कुराको पैरवी गर्दै आएको थियो,' थापाले भने, 'सरकारले ल्याएको बजेटमा संरचनागत सुधारका लागि थुप्रै



सकारात्मक कुराहरूलाई अगाडि सारेको छ । थुप्रै नीतिगत कुराहरूमा सुधारका लागि अगाडि सारेको छ । यी कुरामा हामीले स्वागत पनि गर्नुपर्छ र आवश्यक परेको ठाउँमा भोलि यसका लागि चाहिने कानुनहरू निर्माण गर्नुपर्ने छ यसमा हामीले मद्दत पनि गर्नुपर्छ ।' यद्यपि बजेट र सरकारको कार्यशैलीले गरिबी निवारणभन्दा पनि 'गरिब मास्ने' नियत राखेको उनको आरोप थियो । 'यो सरकारले एउटा कुराको मेसो पाउन सकिरहेको छैन । गरिबी र गरिब दुइटा फरक कुरा हुन् । गरिबी भनेको अवस्था हो, गरिबी भनेको अभावको अवस्था हो यो संरचनागत समस्या हो । यहाँ अभाव हुन्छ असमानताको कारणले गर्दा गरिबी यहाँ आउँछ, विभेदको कारणले गर्दा गरिबी आउँछ, ऐतिहासिक कारणले गर्दा गरिबी आउँछ, गरिबी अवस्था हो,' थापाले प्रश्न गरे, 'सरकारले गरिबी हटाउँछु भन्नुपर्ने ठाउँमा यो गरिबी हटाउने तिर लागेको छैन, यो गरिब मास्न तिर लागेको छ?' सभापति थापाले आर्थिकमन्दी र बढ्दो महँगीका कारण न्यून आय भएका नागरिकको जनजीवन कष्टकर बनिरहेका बेला सरकार उनीहरूप्रति उदासीन बनेको बताए । 'गरिब अथवा न्यून आय भएको सोसाइटीमा अलिकति तल्लो आय भएको सबै तह र तप्का त्यो वर्गप्रति उसको ठूलो उदासीनता छ,' उनले भने, ' यो भन्दा माथिल्लो तह माथिल्ला आम्दानी भएका मानिसहरूको सन्दर्भमा कतिपय कयौं कुराहरू सकारात्मक छ ।'

उनले भूमिहीन र सुकुम्वासीको बस्तीमा डोजर चलाएको प्रसंगलाई जोडे । 'यो राज्यको नियत के देखिन्छ भने म गरिबी हटाउँछु होइन, म गरिबलाई हटाइदिन्छु । मेरो अगाडि जो गरिब पर्छ त्यसलाई मास्दिन्छु म हटाइदिन्छु भनेपछि गरिबी हट्छ भन्ने गलत सोचबाट यो ग्रसित छ,' उनले भने । सरकारका कतिपय निर्णयहरूको सामाजिक सञ्जालमा प्रशंसा भइरहे पनि प्रतिपक्षको धर्म सस्तो लोकप्रियतामा बहकिने नभई राज्यको ढुकुटी र नीतिमा सबै वर्गको पहुँच सुनिश्चित गराउनु रहेको उनले बताए ।

सभापति थापाले पार्टीका भ्रातृ संगठनहरूलाई आन्तरिक विवाद र नेतृत्वको गन्थन छोडेर जनताको बीचमा जान निर्देशन दिए । थारू संघ, विद्यार्थी संगठन, महिला र दलित संघ जस्ता संस्थाहरूले आ-आफ्नो समुदायको हकहितका लागि गाउँ-गाउँ पुगेर नागरिकको भरोसा जित्नुपर्ने उनको भनाइ थियो ।

कर्णालीमा आइटीएफ तेक्वान्दोको स्तर उकास्न एडभान्स तालिम सुरू

काँक्रेविहार संवाददाता
सुर्खेत, १६ जेठ

कर्णाली प्रदेशमा आइटीएफ तेक्वान्दो खेलको विकास, विस्तार तथा खेलाडीहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दोस्रो कर्णाली प्रदेश स्तरीय आइटीएफ एडभान्स तालिम कार्यक्रम-२०८३ सुरु भएको छ ।

वीरेन्द्रनगरस्थित कबडहलमा सञ्चालन भएको तालिम कार्यक्रमको उद्घाटन कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव रविन्द्र चन्दले गरेका हुन्।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सहयोग तथा कर्णाली प्रदेश आइटीएफ तेक्वान्दो सङ्घको आयोजनामा सुरु भएको तालिम तीन दिनसम्म सञ्चालन हुनेछ ।

कार्यक्रमको अध्यक्षता कर्णाली प्रदेश आइटीएफ तेक्वान्दो सङ्घका अध्यक्ष होमबहादुर सुनारले गरेका थिए । उद्घाटन समारोहमा खेलकुदकर्मी, प्रशिक्षक, खेलाडी तथा विभिन्न सरोकारवाला व्यक्तिहरूको



उल्लेखनीय उपस्थिति रहेको थियो ।

संघका अनुसार तालिममा कर्णाली प्रदेशका सात जिल्लाबाट आएका १०२ जना खेलाडी सहभागी भएका छन् । सहभागी खेलाडीहरूलाई तेक्वान्दोका उन्नत सीप, प्रतियोगितात्मक रणनीति, आत्मरक्षा कला, शारीरिक तन्दुरुस्ती तथा खेल अनुशासनसम्बन्धी विशेष प्रशिक्षण प्रदान गरिनेछ ।

उद्घाटन कार्यक्रममा बोल्दै सदस्य सचिव चन्दले खेलकुद क्षेत्रको विकासका लागि दक्ष खेलाडी उत्पादन आवश्यक रहेको उल्लेख गर्दै यस्ता तालिमले खेलाडीहरूको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने बताए ।

उनले प्रदेशका खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन नियमित प्रशिक्षण, आवश्यक पूर्वाधार र अवसरको विस्तार आवश्यक रहेको धारणा राखे।

अध्यक्ष होमबहादुर सुनारले कर्णालीमा आइटीएफ तेक्वान्दोप्रति युवाहरूको आकर्षण बढ्दै गएको बताउँदै खेलाडीहरूको प्राविधिक दक्षता बढाउन एडभान्स तालिम कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए। उनले कर्णालीका खेलाडीहरूले राष्ट्रिय प्रतियोगितामा उल्लेखनीय सफलता हासिल गरिरहेको उल्लेख गर्दै आगामी दिनमा अन्तर्राष्ट्रिय स्तरमा समेत उत्कृष्ट नतिजा ल्याउने विश्वास व्यक्त गरे।

तीन दिनसम्म सञ्चालन हुने तालिम कार्यक्रमले खेलाडीहरूको खेलकौशल विकाससँगै कर्णाली प्रदेशमा तेक्वान्दो खेलको स्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । आयोजकले प्रदेशभरका प्रतिभावान खेलाडीलाई एकै स्थानमा ल्याएर अनुभव आदानप्रदान तथा उच्चस्तरीय प्रशिक्षण प्रदान गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको जनाएको छ ।

ओलीले भने- पार्टी नछाड्नुस्, पुनर्गठन हुन्छ

काँक्रेविहार संवाददाता
काठमाडौं, १६ जेठ

नेकपा (एमाले)ले 'अन्तर पार्टी निर्देशन-२' जारी गर्दै नेता कार्यकर्तालाई पार्टी नछाड्न आग्रह गरेको छ ।

शुक्रबार ४६ पेज लामो अपानी जारी गर्दै अध्यक्ष केपी शर्मा ओलीले पार्टी नछाड्न एमालेका पुराना नेताकार्यकर्ताहरूलाई आग्रह गरेका हुन् ।

अपानीमा पार्टीको एउटा हिस्सा निराश र पलायन हुन लागेको चर्चा गरिएको छ । जसमा पार्टी पंक्तिमा आशाको संचार जागृत गर्नु आवश्यक रहेको उल्लेख छ ।

आगामी असार दोस्रो साता हुने पार्टी केन्द्रीय कमिटीको बैठकबाट पार्टी पुनर्गठन र पुनर्जागरणको कार्य योजना अघि बढ्ने भन्दै ओलीले वर्तमान अवस्थामा एकता, एकता र अझ उन्नतस्तरको एकता प्रदर्शन गर्नु आवश्यक रहेको बताएका छन् ।

'निर्वाचनमा व्यहोर्नुपरेको गम्भीर पराजयका कारणले पार्टीको एउटा हिस्सा निराश र पलायन हुन खोजेको अवस्था छ । यसप्रकारको अवस्थामा सुधार ल्याउनु र पार्टी पंक्तिमा आशाको संचार जागृत गर्नु आवश्यक छ,'



अपानीमा ओलीले भनेका छन्, 'पार्टी समीक्षाको चरणमा रहेको हुँदा केन्द्रीय कमिटीको बैठकबाट पार्टी पुनर्गठन र पुनर्जागरणको कार्य योजना अघि बढाइने छ । पार्टी सदस्यता नवीकरणको प्रक्रियाबाट नै त्यो काम अघि बढाइने छ ।' जतिसुकै गम्भीर समस्या भए त्यसको समाधान सम्भव रहेको चर्चा अपानीमा गरिएको छ । 'जतिसुकै गम्भीर समस्या भए त्यसको समाधान सम्भव छ । चुनौती जतिसुकै जटिल भए पनि त्यसको पनि सामना गर्न सकिन्छ । इतिहासका विभिन्न कालखण्डमा गम्भीर भन्दा गम्भीर चुनौतीलाई सामना गर्दै पार्टी राष्ट्रिय राजनीतिको केन्द्रीय भूमिकामा स्थापित गरिएको हो भन्ने सत्यलाई मनन गरेर पार्टी काममा सक्रियताका साथ जुट्न म सम्पूर्ण कमरेडहरूलाई हार्दिक अनुरोध गर्दछु,' ओलीले भनेका छन् ।

निर्वाचनमा के कस्तो कमी कमजोरी रहे? कस्को के कस्तो भूमिका रह्यो भन्ने सन्दर्भमा पार्टीले समीक्षा प्रतिवेदनमार्फत आफ्नो दृष्टिकोण बाहिर ल्याउने बताउँदै ओलीले अन्तरपार्टी निर्देशनमा भनेका छन्, 'निश्चय नै निर्वाचनको अस्वभाविक परिणामबाट हामी सबै चिन्तित छौं । पार्टीका सामु उत्पन्न चुनौती र संकटलाई सामना गरेर नै हामीले निर्वाचनका समयमा भन्ने गरेको देश पहिला भन्ने नाराको सार्थकतालाई पुष्टि गर्न सफल हुनेछौं ।'

अपानीमा ओलीले पुराना दलहरूलाई सिध्याउने षडयन्त्र जारी रहेको पनि चर्चा गरेका छन् । लोकतन्त्रका लागि लामो संघर्ष गरेका दलहरूलाई सिध्याउने षडयन्त्र भइरहेको चर्चा गर्दै अपानीमा भनिएको छ, 'नयाँ र पुरानाको नाममा लोकतन्त्रका लागि लामो संघर्ष गरेका राजनीतिक दल र नेतृत्वलाई विस्थापित गर्ने षडयन्त्र जारी छ ।'

गत भदौ २३ र २४ गतेको घटनापछि प्रतिगमनतर्फ बढेको मुलुकलाई लयमा फर्काउने एमालेले प्रतिनिधि सभा पुनर्स्थापना एजेण्डा अगाडि बढाए पनि अरु दलहरूले साथ नदिएकाले चुनावमा भाग लिन बाध्य भएको प्रष्टोक्ति ओलीले दिएका छन् । 'प्रतिगमनतर्फ अग्रसर भएको मुलुकलाई संविधान र लोकतन्त्रको बाटोमा फर्काउनका लागि प्रतिनिधि सभाको पुनःस्थापना अपरिहार्य छ भन्ने हाम्रो विश्लेषणलाई नेपालका अन्य लोकतान्त्रिक दलहरुले साथ नदिएका कारणले हाम्रो पार्टी समेत निर्वाचनमा जानु परेको थियो,' अपानीमा लेखिएको छ ।

अरु दलले साथ नदिँदा भाग लिनुपरेको चुनावमा एमालेले जित्न नसकेको चर्चा पनि अपानीमा गरिएको छ । 'निर्वाचनको परिणाम हाम्रोपार्टीको पषमा रहेन नै, नेपालका प्रमुख लोकतान्त्रिक पार्टीहरूको पक्षमासमेत रहेन,' ओलीले अपानीमा लेखेका छन् ।

भारतबाट उद्धार गरिएका ४५३ नेपाली स्वदेश फिर्ता

काँक्रेविहार संवाददाता
बुटवल, १६ जेठ

भारतको उत्तर प्रदेशस्थित कुशीनगरबाट उद्धार गरिएका ४५३ जना नेपालीलाई बेलहिया नाका हुँदै स्वदेश फर्काइएको छ ।

भारतीय प्रहरीको सहयोगमा लुम्बिनी प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालय रूपन्देहीको टोलीले कुशीनगर पुगेर उनीहरूको उद्धार गरेको हो ।

उद्धार गरिएकाहरूलाई भारतको सुनौली हुँदै बेलहिया नाकाबाट भैरहवा ल्याइएको प्रहरीले जनाएको छ । रूपन्देहीका प्रहरी प्रमुख (एसपी) जनकबहादुर शाहीका अनुसार भारतीय राजदूतावासको समन्वय तथा एसएसपी प्रकाश मल्लको नेतृत्वमा खटिएको नेपाल प्रहरीको टोलीले उनीहरूको उद्धार गरेको हो ।

उद्धार गरिएका सबैलाई हाल जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा राखिएको छ । आठवटा भारतीय बसमा राखेर नेपाल ल्याइएका उनीहरूको विवरण सङ्कलन तथा स्क्रिनिङ प्रक्रिया सुरु



गरिएको प्रहरीले जनाएको छ ।

उद्धार गरिएकामध्ये करिब आधा सङ्ख्या महिलाको रहेको एसपी शाहीले रातोपाटीलाई बताए । प्रारम्भिक अनुसन्धानका क्रममा उनीहरूमध्ये केही अलपत्र परेका, केही हराएका तथा केहीलाई विभिन्न प्रलोभनमा पारेर नेपालबाट भारत पुऱ्याई बन्दक बनाइएको हुन सक्ने आशङ्का प्रहरीले गरेको छ ।

आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरेपछि उनीहरूलाई सम्बन्धित परिवारको जिम्मा लगाएर घर पठाइने प्रहरीले जनाएको छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

विद्युतमा कर लगाउने सरकारको निर्णयप्रति कुलमानको आपत्ति



काँक्रेविहार संवाददाता
काठमाडौं, १६ जेठ

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मासिक ५० युनिटभन्दा बढी विद्युत खपत गर्ने उपभोक्तामाथि ५ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर भ्याट लगाउने निर्णय गरेपछि पूर्वऊर्जामन्त्री कुलमान घिसिङले असन्तुष्टि जनाएका छन् ।

शुक्रबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेटमार्फत ल्याएको यो व्यवस्थाप्रति सामाजिक सञ्जाल फेसबुकमा आफ्नो धारणा सार्वजनिक गर्दै घिसिङले उक्त निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग गरेका छन् ।

पूर्वऊर्जामन्त्री घिसिङले सरकारको यो कदम आम उपभोक्ताको हितविपरीत हुनुका साथै ऊर्जा रूपान्तरणको लक्ष्य र स्वदेशमै उत्पादित स्वच्छ ऊर्जाको उपयोग बढाउने राष्ट्रिय अभियानविपरीत रहेको टिप्पणी गरेका छन् ।

नेपालमा विद्युतको पहुँच विस्तार भएसँगै घरायसी प्रयोजनमा यसको प्रयोग बढ्दै गएको अवस्थामा खाना पकाउने, पानी तताउने तथा अन्य घरेलु काममा विद्युतको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने बेला सरकारले करको अतिरिक्त भार थपेर उपभोक्तालाई दण्डित गर्ने प्रयास गरेको उनको आरोप छ ।

मासिक ५० युनिटभन्दा बढी खपत गर्ने अधिकांश ग्राहक सामान्य घरायसी उपभोक्ता भएको उल्लेख गर्दै घिसिङले सरकारको यो निर्णयले लाखौं परिवारको मासिक खर्च बढाउने र भान्सा अझ महँगो बनाउने चिन्ता व्यक्त गरेका छन् ।

देशभित्रै उत्पादित विद्युतको खपत बढाउन प्रोत्साहनमूलक नीति ल्याउनुपर्नेमा सरकारले उल्टै विद्युत प्रयोगलाई निरुत्साहित गर्ने कदम चालेको उनको भनाइ छ । यस निर्णयले गर्दा उपभोक्ताहरू विद्युतीय चुलो लगायतका उपकरणको प्रयोग घटाएर पुनः एलपी ग्यासतर्फ नै निर्भर हुन बाध्य हुने र यसले राष्ट्रिय ऊर्जा सुरक्षा, व्यापार घाटा न्यूनीकरण तथा हरित अर्थतन्त्र निर्माणको राष्ट्रिय लक्ष्यमा गम्भीर धक्का पुग्ने उनले चेतावनी दिएका छन् ।

कर्मचारी आवश्यकता !

यस काँक्रेविहार राष्ट्रिय दैनिकको सुर्खेत कार्यालयका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र यस कार्यालय वा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

पद : बजार व्यवस्थापक
संख्या : १ जना महिला
सेवा सुविधा : यस दैनिकको नियमानुसार हुनेछ ।

अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।

नोट : इच्छुक व्यक्तिले ईमेल ekankrebihardaily@gmail.com मा शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो एकप्रति ईमेल गर्न सक्नुहुनेछ ।

काँक्रेविहार राष्ट्रिय दैनिक
वीरेन्द्रनगर-६, सुर्खेत
सम्पर्क : ९८५१३४४७५४

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय, सुर्खेत

३५ दिने सूचना !

(प्रथम पटक प्रकाशित: २०८३/०२/१७)

प्रस्तुत विषयमा जिल्ला सुर्खेत पञ्चपुरी नगरपालिका वडा नं. ९ बस्ने कृष्णा कुमारी खरालले आफ्नो नाममा कायम सुर्खेत जिल्ला साविक सालकोट गा.वि.स वडा नं. ८ क कि.नं. ८७३ क्षेत्रफल ३४४.०० व.मी. जग्गामा भूमि प्रशासन कार्यालयको श्रेस्ता र पुर्जामा मोही कायम रहेको मोही लगत कट्टा गरी पाउँ भनि निवेदन पेश गरेकोमा काम कारबाहीको सिलसिलामा हकदार र अरु सबैको जानकारीको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

(जनक बहादुर हमाल)
कार्यलय प्रमुख

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं ।

हिमाल हाम्रो पहिचान र गौरवको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)